नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी, ईनरुवा

मेरो गणना मेरो सहभागिता

राष्ट्रिय जनगणना २०७८

## जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट जारी लागू औषध प्रयोगकर्ताका लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रले आवद्धता लिने सम्बन्धी जरुरी सूचना:

लागू औषध प्रयोगकर्ताहरुको लागि आवासीय उपचार सेवा प्रदान गर्ने गरी सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रहरुले *लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका,* २०७५ को दफा ४ अनुसार गृह मन्त्रालयबाट आवद्धता लिनु पर्ने व्यवस्था रहेकोमा हालसम्म २४० वटा केन्द्रहरुले मात्र आवद्धता लिएको र केही केन्द्रहरु गृह मन्त्रालयबाट आवद्धता नलिई सञ्चालनमा रहेको बूझिन आएको भनि गृह मन्त्रालयको मिति २०७८/७/७ गते प्रकाशित सूचनाबाट जानकारी प्राप्त भएको हुँदा त्यस्ता केन्द्रले यथाशीघ्र आवद्धता लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अनुगमनको क्रममा आवद्धता नभई सञ्चालनमा रहेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

थप जानकारीको लागि गृह मन्त्रालयको लागू औषध नियन्त्रण शाखाको फोन नं. ०१४२११४४४/४२११२८४ मा सम्पर्क गर्नुहुन वा शाखाको वेबसाईट www.drugportal.gov.np हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

मिति: २०७८/०७/०९

सहायक प्रमुख जिल्ला अधिकारी